# कमैया श्रमिकको पुनस्थापन

# कार्यविधि-२०७९

## नेपाल सरकार

## भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय

## सिंहदरवार

# कमैया श्रमिकको पुनस्थापन कार्यविधि-२०७९

कमैया श्रमिकको अवस्था अध्ययन गर्न गठित कार्यदलले पेश गरेको प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा कमैया श्रमिक (मुक्त कमैया, कम्लहरी, हलिया, र हरवा चरवा) को लगत संकलन, सत्यापन, प्रमाणीकरण, परिचय पत्र वितरण र पुनस्थापन गर्ने कार्यलाई व्यवस्थित गर्न कमैया श्रम निषेध गर्ने सम्बन्धी नियमावली, २०६७ को नियम २३ वमोजिम यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद १
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "कमैया श्रमिकको पुनस्थापन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "आंशिक सेवा सुविधा" भन्नाले यस अघि पुनस्थापनको प्रक्रियामा प्रवेश गरेका कमैया श्रमिकले पाउनुपर्ने सुविधा मध्ये प्राप्त गर्न बाँकी भाग सम्झनुपर्छ।

(ख) "ऐन"भन्नाले कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ सम्झनुपर्छ ।

(ग) "कमैया श्रम" भन्नाले देहायका कारणबाट बिना ज्याला वा न्यून ज्यालामा ऋणदाताको लागि गर्नुपर्ने श्रम वा सेवा सम्झनुपर्छः-

(१) आफु वा आफ्नो परिवारले लिएको ऋण वा सो को व्याज चुक्ता गर्नको लागि,

(२) पुर्खाले लिएको ऋण वा सो को व्याज चुक्ता गर्नको लागि,

(३) ऋणदाता समक्ष कुनै कमैया श्रमिकको जमानी बसेकोमा त्यस्तो कमैया श्रमिकको कमैया ऋण चुक्ता गर्नको लागि।

(घ) "कमैया श्रमिक" भन्नाले भैंसवार, गैवार, बर्दिकार,छेकरवार, हरुवा , चरुवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले स्थानीय तहको गाउँकार्यपालिका वा नगर कार्यपालिका सम्झनुपर्छ।

(च) "गणना टोली" भन्नाले दफा ४ को उपदफा (२) वमोजिमको वडाका विभिन्न स्थानमा गई कमैया श्रमिकको विवरण संकलन गर्ने टोली सम्झनुपर्छ।

(छ) “नाप नक्सा” भन्नाले नापीको लागि नियन्त्रण विन्दु स्थापना गर्ने, जग्गाको नापी गरी आवाद कमोत गरेको जग्गाको तथ्यांक संकलन गर्ने, जग्गाको नक्सा तयार गर्ने, क्षेत्रफल यकीन गर्ने कार्य सम्झनुपर्छ।

(ज) “नियमावली” भन्नाले कमैया श्रम (निषेध गर्ने)सम्वन्धी नियमावली २०६७ सम्झनुपर्छ।

(झ) “पुनस्थापन समन्वय समिति” भन्नाले दफा २० वमोजिमको समिति सम्झनुपर्छ।

(ञ) "प्रदेश पुनस्थापन समन्वय समिति" भन्नाले सम्वन्धित प्रदेशको भूमि विषय हेर्ने मन्त्रालयमा रहेको दफा २२ वमोजिमको प्रदेश पुनस्थापन समन्वय समिति सम्झनुपर्छ।

(ट) "भूमिहीन" भन्नाले आफ्नो नाममा कुनै जमीन नभएका वा भएपनि १३० वर्ग मि भन्दा कम जमीन भएका कमैया श्रमिक सम्झनुपर्छ।

(ठ) "लगत" भन्नाले देहायका कुनै वा सबै वर्गका कमैया श्रमिकको सूची सम्झनुपर्छ;

**अ. पुनस्थापनको लगतमै समावेश नभएका र भएपनि पुनस्थापनामा नपरेकाः**

(क) साविक लगत संकलनको क्रममा छुट भएका कमैया, हलिया, कम्लहरीर हरवा चरवा

(ख) साविक लगतमा नाम समावेश भए तापनि पुनस्थापनमा नपरेका कमैया, हलिया।

(ग) पुनस्थापनको लागि जग्गा प्राप्त गरेका तर भोगचलन गर्न नपाएका कमैया

**आ.पुनस्थापनको क्रममा आंशिक सुविधा मात्र लिएका कमैया र हलियाः**

(क) जग्गा प्राप्त गरेका घर निर्माण खर्च प्राप्तनगरेका हलिया।

(ख) घर निर्माणको पहिलो किस्तामात्र प्राप्त गरेका हलिया।

(ग) घर मर्मतको पहिलो किस्तामात्र प्राप्त गरेका हलिया।

(घ) जग्गा र घर निर्माण खर्च प्राप्त गरेका तर काठ वापतको रकम प्राप्त नगरेका कमैया।

**इ. साविक लगतमा नाम भएता पनि परिचयपत्र नपाएको र साविक लगतमा नाम छुट भएका कम्लहरी**

(ड) “लगत संकलन सहजीकरण समिति” भन्नाले दफा ४ बमोजिमको सहजीकरण समिति” सम्झनुपर्छ।

(ढ) "विकास साझेदार संस्था" भन्नाले पुनस्थापन कार्यमा आर्थिक तथा प्राविधिक सहायता उपलव्ध गराउने नेपाल सरकारको स्वीकृति लिई नेपाल भित्र कार्यरत संस्था वा दातृ निकाय सम्झनुपर्छ।

(ण) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका, उपमहागरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(त) “सचिवालय” भन्नालेदफा २१ वमोजिमको सचिवालय सम्झनुपर्छ।

## <u>परिच्छेद २</u>
## <u>लगत संकलन, सत्यापन, प्रमाणीकरण, वर्गीकरण र परिचयपत्र</u>

**३. <u>कमैया श्रमिकको लगत संकलन गर्ने निर्णय र सूचना प्रकाशनः</u>** (१) पुनस्थापन समन्वय समितिले कमैया श्रमिकको लगत संकलन गर्ने सम्वन्धमा लगत संकलन गरिने प्रदेश जिल्ला, स्थानीय तह, लगत संकलन गरिने कमैया श्रमिकको प्रकार (कमैया, हलिया, हरवा चरवा, कम्लहरी), संकलन गरिने समय सम्वन्धमा निर्णय गरी सूचना प्रकाशन गर्न सचिवालयलाई निर्देशन दिने।

(२) सचिवालयले दफा २१ को उपदफा (२)को (ख) वमोजिम खटिएको गणना टोलीसमक्ष आफ्नो विवरण टिपाउन सरोकारवालाको जानकारीको लागि अनुसूची ४ वमोजिमको ढाँचामा सूचना प्रकाशित गर्ने।

(३) लगत संकलन गरिने सूचना प्रकाशन भएपछि सम्वन्धित स्थानीय तहको कार्यपालिकाले भूमि सम्वन्धी विषय हेर्ने शाखालाई कमैया श्रमिक पुनस्थापन सम्वन्धी कामको जिम्मेवारी तोक्ने।

(४) स्थानीय तहले कमैया श्रमिक रहेका वडामा लगत संकलन सहजीकरण समितिको गठन गर्ने व्यवस्था मिलाउने।

(५) सम्बन्धित वडाले लगत संकलन सहजीकरण समिति गठन गर्ने।

**४. <u>लगत संकलन सहजीकरण समिति गठनः</u>** (१) कमैया श्रमिकको लगत संकलन कार्यको व्यवस्थापन गर्न सम्बन्धित वडामा देहाय वमोजिमको सहजीकरण समिति रहनेछ ।

| | |
|---|---|
| (क)सम्वन्धित वडाको वडा अध्यक्ष | -संयोजक |
| (ख)कमैया श्रमिकका प्रतिनिधि १ जना | - सदस्य |
| (ग) वडा कार्यालयको सचिव १ जना | –सदस्य |

(२) लगत संकलन सहजीकरण समितिको कामः

(क) आफ्नो वडामा लगत संकलन कार्य गर्न वडाको जनसंख्या र भूगोलको आधारमा बढीमा दुइवटा गणना टोली गठन गर्ने

(ख) प्रत्येक टोलीमा एकजना गणक र एक जना कमैया श्रमिकको प्रतिनिधि रहने नियुक्त गर्ने।

(ग) लगत संकलन प्रारम्भ गर्नु अघि गणना टोलीलाई स्थानीय तहमार्फत प्रशिक्षणको व्यवस्था मिलाउने।

(घ) लगत संकलन कार्यको लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने।

(ङ) लगत संकलन कार्यमा कुनै समस्या आइपरेमा सोको समाधान गर्ने।

(च) गणना टोलीले संकलन गरेको लगत सत्यापन र वर्गीकरणको लागि वडा समिति समक्ष पेश गर्ने।

(३) गणकको लागि कम्तीमा बाह्र (दश जोड दुइ) कक्षा पास गरेको र कम्प्यूटर चलाउन सक्ने हुनुपर्नेछ।

**५. <u>लगत संकलनको विधि र आधार:</u>** (१) गणना टोलीले सूचनामा प्रकाशित मितिदेखि तोकिएको वडाको एक छेउबाट अनुसूची १ अनुसारको फारममा लगत संकलनको कार्य सुरु गर्नुपर्ने।

(२) लगत लिँदा कमैयाको २०५७ श्रावण २, हलियाको २०६५ भाद्र २१, कम्लहरीको २०७० असार १३ गते र हरवा चरवाको २०७९ श्रावण २ को मितिलाई आधार मानी त्यस अघि देखि कमैया श्रमिकको रुपमा काम गरेको व्यक्तिको लिनु पर्ने।

(३) विगतमा कमैया श्रमिकको रुपमा काम गरेको तर हाल मृत्यू भै सकेको भए निजको श्रीमान वा श्रीमतीको नामबाट लगत संकलन गर्नु पर्ने।

(४) गणना टोलीले फारमको ७ नं मा रहेको स्वघोषणा राम्ररी पढी बाँची सुनाउनुका साथै त्यसको अर्थ समेत बुझाई दस्तखत गर्न लगाउनु पर्ने।

(५) लगत संकलन कार्यमा विकास साझेदार संस्थाको सहयोग लिन सकिने।

(६) कमैयाको लगत संकलन विधिः

(क) गणना टोलीले सुर्खेत, दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका स्थानीय तहका वडाहरुमा लगत संकलन कार्य सुरु गर्ने।

(ख) साविक लगतमा छुटेका कमैया,साविक लगतमा नाम भएतापनि पुनस्थापन प्रक्रियामा प्रवेश नगरेका, पुनस्थापन प्रक्रियामा प्रवेश गरी जग्गा प्राप्त गरेका तर विभिन्न कारणले भोग गर्न नपाएका र पुनस्थापन प्रक्रियामा प्राप्त हुनु पर्ने सुविधा मध्ये काठ वापतको रकम प्राप्त नगरेका कमैयाहरुको लगत संकलन गर्ने।

(ग) साविकमा छुट हुन गएका कमैयाहरुको लगत संकलनको लागि भूमिसुधार कार्यालयले उपलव्ध गराएको परिचयपत्र वा कमैया निस्सा(चुटका) लाई आधार मान्ने।

(घ) जग्गा प्राप्त गरेका तर विभिन्न कारणले भोग गर्न नपाएका परिवारको हकमा त्यस्तो जग्गाको स्थलगत अवलोकन गरी जग्गा पहिचान र सो जग्गाको हालको स्थिति यकिन गर्ने ।बसोबास वा खेतिको लागि जोखिमरहेको कारण भोग नगरेको भए सो जग्गा नेपाल सरकारमा फिर्ता गर्न र कमैयालाई अन्यत्र जग्गा उपलव्ध गराउनु पर्ने सूचीमा संलग्न गर्ने।

(ङ) काठको रकम नपाएका भनी विवरण पेश भएका कमैयाको हकमा वडा समितिले सम्वन्धित मालपोत कार्यालयलाई काठ वा काठ वापतको रकम नपाएको सत्यापन गरी पठाइदिन अनुरोध गर्ने।

(७) **हलियाको लगत संकलन विधिः**

(क) गणना टोलीले सुदूर पश्चिम र कर्णाली प्रदेशका जिल्लाका स्थानीय तहका वडाहरुमा लगत संकलन कार्य सुरु गर्ने।

(ख) साविक लगतमा छुट हलिया, साविक लगतमा नाम भएतापनि पुनस्थापन प्रक्रियामा प्रवेश नगरेका, पुनस्थापन प्रक्रियामा प्रवेश गरी जग्गा प्राप्त गरेका तर घर निर्माण खर्च नपाएका, घर निर्माण वापत आंशिक रकम(पहिलो किस्ता मात्र) पाएका र घर मर्मत वापत आंशिक रकम(पहिलो किस्ता मात्र) पाएका हलियाहरुको लगत संकलन गर्ने।

(ग) पुनस्थापन प्रक्रियामा प्रवेश गरी आंशिक रकम मात्र पाएका हलियाको विवरण सम्वन्धित मालपोत कार्यालयको अभिलेखसँग भिडाउनु पर्ने भएकोले वडा समितिले विवरण सत्यापनको लागि मालपोत कार्यालयसँग समन्वय गर्ने।

**(८) कम्लहरीको लगत संकलन विधिः**

(क) गणना टोलीले सुर्खेत, दाङ्ग, बाँके बर्दिया, कैलाली र कञ्चनपुरका स्थानीय तहका वडाहरुमा लगत संकलन कार्य सुरु गर्ने।

(ख) साविक लगतमा छुट कम्लहरी, साविक लगतमा नाम भएतापनि परिचयपत्र प्राप्त नगरेका कम्लहरीहरुको विवरण संकलन गर्ने।

**(९) हरवा चरवाको लगत संकलन विधिः**

(क) गणना टोलीले मधेश प्रदेशका सप्तरी, सिराहा, धनुषा, महोत्तरी,सर्लाही, रौतहट, बारा, पर्सा र प्रदेश १ का सुनसरी र मोरङ्ग जिल्लाका स्थानीय तहका वडाहरुका एक छेउबाट लगत संकलनको काम सुरु गर्ने।

(ख) गणना टोलीले साहुकै जमीनमा वा आफ्नो भए पनि महानगर, उपमहानगर वा नगरको सहरी क्षेत्रमा एकसयतीस वर्गमिटर भन्दा कम र महानगर, उपमहानगर वा नगरको सहरी क्षेत्रवाहेकका स्थानमा तीनसय चालिस वर्गमिटर भन्दा कम जमीनमा निर्वाह गरी बसेका र ऋणको व्याज बापत निम्न मध्ये कुनै वा सबै अवस्थामा रहेका व्यक्तिवा परिवारको लगत संकलन गर्नुपर्नेः

(अ) जमिन्दारको जमीनमा विना ज्याला वा नेपाल सरकारले निर्धारण गरेभन्दा कम ज्यालामा काम गर्नवाध्य,

(आ) एक्लै वा परिवार समेत साहुको अन्य खेती वा घरायसीकाम गर्न वाध्य,

(इ) प्रथा र परम्परागत मान्यताद्वारा बाधित,

(ई) कार्यघण्टा निश्चित नभएको, काम छोडन वा रोज्न स्वतन्त्र नभएको

(उ) कुनै एउटा साहुको वा अरुको गाइबस्तु चराएर जीवन यापन गर्न वाध्य,

(ग) लगत संकलनको कार्य सकिएपछि गणना टोलीले अनुसूची १ को बुँदा ८ को व्यहोरा वमोजिम साविक लगतमा नाम भएपनि सुविधा नलिएका, आंशिक सुविधा लिएका र हालको लगतमा नाम समावेश हुन आएका कमैया श्रमिकको छुट्टाछुट्टै सूची तयार गरी संकलित लगत सत्यापन तथा वर्गीकरणको लागि लगत संकलन सहजीकरण समितिमा पेश गर्ने ।

## ६. दावि विरोध,लगतको सत्यापन र वर्गीकरणः

(क) लगत संकलन सहजीकरण समितिले गणना टोलीबाट पेश भएको कमैया श्रमिकको सूची राष्ट्रिय भूमि आयोगले तयार गरेको वडा भित्रको भूमिहीन सुकुम्वासीहरुको सूचीसँग भिडाउने, नभिडेको हकमा छानविन गरी थप गर्ने र भिडेमा दावि विरोधको लागि ७ दिनको समय दिइ अनुसूची ४ वमोजिमको ढाँचामा वडा कार्यालयमा सूचना सार्वजनिक गर्ने।

(ख) राष्ट्रिय भूमि आयोगले लगत संकलन गरिनसकेको भए भिडाउन नपर्ने। वडा समितिले लगतमा परेको दावी विरोध फछ्र्यौट  गरी  सूची अद्यावधिक गर्ने।

(ग) अद्यावधिक गरिएको लगत वडा समितिले सत्यापन(Verification) गरी देहायका आधारमा  वर्गीकरण प्रस्ताव गरी प्रमाणीकरणको लागि सम्वन्धित कार्यपालिकामा पेश गर्नु पर्ने।

(घ) पुनस्थापनको लगतमै समावेश नभएका र भएपनि पुनस्थापनामा नपरेका देहाय वमोजिमका भूमिहीन कमैया श्रमिक "क वर्ग"

(अ) साविक लगत संकलनको क्रममा छुट भएका कमैया, र हलिया

(आ) साविक लगतमा नाम समावेश भएतापनि पुनस्थापनमा नपरेका कमैया, हलिया।

(इ) पुनस्थापनको लागि जग्गा प्राप्त गरेका तर भोगचलन गर्न नपाएका कमैया

(ई) हालको लगत संकलनमा समावेश हुन आएका भूमिहीन कमैया श्रमिक(हरवा चरवा)

(उ) अविवाहित, अभिभावक विहिन र जग्गा जमीन नभएका कम्लहरी

(ङ) पुनस्थापनको प्रक्रियामा समावेश भै आंशिक सुविधा मात्र लिएका देहायवमोजिमका कमैया श्रमिक(मुक्त हलिया र मुक्त कमैया)"ख वर्ग"

(अ) जग्गा प्राप्त गरेका तर घर निर्माण खर्च प्राप्तनगरेका हलिया।

(आ) घरनिर्माणको पहिलो किस्तामात्र प्राप्त गरेका हलिया

(इ) घरमर्मतको पहिलो किस्तामात्र प्राप्त गरेका हलिया

(ई) जग्गा र घर निर्माण खर्च प्राप्त गरेका तर काठ वापतको रकम प्राप्त नगरेका कमैया

(१) लगतमा नाम समावेश हुन आएका मुक्त कम्हलरीहरुलाई वर्गीकरण गर्नुपर्ने छैन।

## ७. प्रमाणीकरणः

(क) वडा समितिबाट प्रमाणीकरणका लागि पेश हुन आएका भूमिहीन कमैया श्रमिकको मुलुकको

(ख) अन्य स्थानमा जग्गा नभएको यकीन गर्न पालिकाले सम्वन्धित मालपोत कार्यालयमा पठाउने।

(ग) मालपोत कार्यालयले आफ्नो भूमि अभिलेख व्यवस्थापन सूचना प्रणाली(LRMIS)मा भिडाइ अन्यत्र जग्गा नहुनेको नामावली कार्यपालिकामा फिर्ता पठाउने।

(घ) मालपोतबाट यकीन भै प्राप्त हुन आएको लगत स्थानीय कार्यपालिकाले प्रमाणीकरण गर्नुपर्ने।

(ङ) कार्यपालिकाबाट प्रमाणीकरण भएको सूची अनुमोदनको लागि सम्वन्धित कार्यपालिकाले प्रदेश पुनस्थापन समन्वय समितिमा पठाउनुपर्ने।

## ८. कमैया श्रमिकको वर्गिकरण अनुमोदनः

(१) कार्यपालिकाबाट प्रमाणीकरण भै अनुमोदनको लागि सूची प्राप्त भएपछि प्रदेश पुनस्थापन समन्वय समितिले कमैया श्रमिकलाई कार्यविधिको दफा ६ को (ग) वमोजिम भए नभएको हेरी जाँची अनुमोदन गर्नुपर्ने

(२) अनुमोदनका लागि प्राप्त सूचीमा कुनै त्रुटि देखिए सच्याउनका लागि प्रदेश पुनस्थापन समन्वय समितिले सम्वन्धित पालिकामा पठाउन सक्ने।

## ९. परिचय पत्र तयारी र वितरणः

(१) दफा ८ वमोजिम कमैया श्रमिकको सूची अनुमोदन गरिसकेपछि प्रदेश पुनस्थापन समन्वय समितिले देहाय वमोजिमको रङ्गमा परिचयपत्र तयार गर्नु पर्ने

(क) "क वर्ग" का कमैया श्रमिकलाई रातो परिचयपत्र ।

(ख) "ख वर्ग" का कमैया श्रमिकलाई निलो परिचयपत्र ।

(२) परिचयपत्रको ढाँचा अनुसूचि २ मा निर्धारण भएवमोजिम हुनेछ।

(३) वर्गीकृत कमैया श्रमिकको नामावली र आवश्यक मात्रामा परिचयपत्रहरुको छपाइ गरी प्रदेश पुनस्थापन समन्वय समितिले सम्वन्धित स्थानीय तहहरुलाई उपलव्ध गराउनु पर्ने।

**१०. परिचय पत्र वितरण प्रक्रियाः** वर्गीकृत कमैया श्रमिकलाई सम्वन्धित स्थानीय तहले देहायवमोजिमको प्रकिया पुरा गरी परिचयपत्र वितरण गर्नुपर्नेछः

(१)प्रदेश पुनस्थापन समन्वय समितिबाट प्राप्त कमैया श्रमिकको स्वीकृत नामावली र परिचयपत्र स्थानीय तहले त्यस्ता श्रमिक रहेका वडा कार्यालयहरुमा पठाउने।

(२)वडा कार्यालयले सम्वन्धित कमैया श्रमिकले परिचयपत्र लिनका लागि दुइप्रति फोटो र सक्कल नागरिकता लिइ सम्पर्क राख्न आउनु भनी नामावली सहित सूचना प्रकाशित गर्ने।

(३)सूचना वमोजिम सम्पर्क राख्न आउने कमैया श्रमिकलाई निज सम्वन्धित व्यक्ति भए नभएको यकीन गरी परिचयपत्र तयार गर्ने।

(४)परिचयपत्रमा भएका विवरण र फोटो समेतको अभिलेख किताव तयार गरी सोही कितावमा परिचयपत्र बुझिलिएको भनी दस्तखत गराइ परिचयपत्र बुझाउने।

## परिच्छेद ३
## कमैया श्रमिकले प्राप्त गर्ने सुविधा, कार्यक्रम र कार्ययोजना

११. **प्राप्त गर्ने सुविधाः** परिचयपत्र प्राप्त गरेका कमैया श्रमिकलाई बसोबासको सन्दर्भमा देहायवमोजिमको सुविधा उपलव्ध गराइनेः

**(१)** "क" वर्गमा वर्गीकरण भै रातो परिचयपत्र प्राप्त गरेका कमैया श्रमिकको भूमिहीन परिवारलाई महानगर, उपमहानगर र नगरपालिकाको सहरी क्षेत्रमा १३० वर्ग मि र अन्य क्षेत्रमा ३४० वर्गमिटर जमीन।

**(२)** कुनै भूमिहीन कमैया श्रमिकले कृषि प्रयोजनको लागि मात्र जग्गा लिन चाहेमा भूमि सम्वन्धी नियमहरु २०२१ को नियम ४१ख वमोजिम जग्गा उपलव्ध गराउन सकिने।

**(३)** उपदफा (१) वमोजिमको जमीनमा कमैया श्रमिकको लागि पुनस्थापन समन्वय समितिले तोकेको मापदण्ड वमोजिमका आवासीय इकाइहरु निर्माणगरी हस्तान्तरण गर्ने।
वा

**(४)** व्यक्तिगत रुपमा जमीन उपलव्ध नगराई निश्चित परिवारको लागि व्यवस्थित वस्ती विकास गरी आवास हस्तान्तरण गर्ने।

**(५)** उपदफा (३) र (४) वमोजिम आवास निर्माण कार्य गर्न सचिवालय अन्तर्गत आवास निर्माण आयोजना स्थापना गर्ने।

**(६)** आवासीय ईकाइहरु निर्माण गर्दा परिवारको आकारलाई समेत ध्यान दिने।

**(७)** "ख" वर्गमा वर्गीकरण भै निलो परिचयपत्र प्राप्त गरेका कमैया श्रमिकको परिवारलाई उक्त परिवारले भुक्तानि लिन बाँकी रकम उपलव्ध गराउने ।

**(८)** भुक्तानि दिन बाँकी रकम भुक्तानि गर्दा २५ प्रतिशत थप रकम भुक्तानि गर्ने।

**(९)** दुवै वर्ग र परिचयपत्र प्राप्त कम्लहरीलाई दफा १५ वमोजिमका पुनस्थापन कार्यक्रममा सहभागी गराउने।

१२. **जग्गा उपलव्ध गराउने विधिः**

(१) दफा ११ को (१) वमोजिम बसोबासको लागि जग्गा उपलव्ध गराउँदा बसोबासको लागि जोखिम रहित, आवासीय क्षेत्रमा वर्गीकरण गर्न मिल्ने र रोजगारीको लागि सहज स्थानमा रहेको जग्गा पहिचान र छनौट गर्ने काम वडा समिति र भूमिहीनहरुको परामर्शमा स्थानीय तहले गर्ने।

(२) उपदफा (१) वमोजिम पहिचान गरिएको जमीन साविकमा नापी भएको जग्गा भए फिल्डबुक तथा प्लट रजिष्टर र नापी नभएको जग्गा भए नाप नक्शा गरी सोही आधारमा जग्गा धनी दर्ता श्रेस्ता तयार गर्नुपर्नेछ।यसरी तयार भएका दर्ता श्रेष्ता भूमि आयोगबाट वा आयोग नरहेको अवस्थामा पुनस्थापन समन्वय समितिबाट प्रमाणित गरी नक्शा, फिल्डबुक र प्लट रजिष्टर नापी कार्यालयमा र जग्गाधनी पूर्जा तथा श्रेस्ता मालपोत कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) वमोजिम मालपोत कार्यालयमा पठाइएका जग्गा धनिपूर्जा र श्रेस्ता मालपोत कार्यालयको भूसूचना अभिलेख प्रणालिमा अद्यावधिक भएपछि श्रेस्ता मालपोत कार्यालय मै राखी जग्गाधनी पुर्जा सम्वन्धित व्यक्तिलाई उपलव्ध गराउनु पर्ने।

(४) यस कार्यविधि वमोजिम जग्गा उपलव्ध गराउँदा पतिपत्नी सगोलमा बसेको भए सगोल पुर्जा कायम गरिदिनु पर्ने।

(५) सरकारबाट उपलव्ध गराइएको जग्गा दश वर्ष सम्म विक्री वितरण गर्न नपाइने व्यहोरा जग्गाधनी पुर्जा मै लेखि दिनु पर्ने। साथै दश वर्ष पछि पनि भूमिहीन हुने गरी बेच्न नपाइने व्यहोरा जानकारी गराउनु पर्नेछ।

## १३. <u>भूक्तानि दिन बाँकी रकम उपलव्ध गराउने विधिः</u>

(१) सम्वन्धित मालपोत कार्यालयहरुबाट भुक्तानि हुन बाँकी कमैया श्रमिकको तथ्यांक माग गर्ने, आवश्यक रकम आँकलन गरी बजेट तर्जुमा गर्ने, अर्थ मन्त्रालयबाट निकासा माग गर्ने, वितरणको लागि सम्वन्धित स्थानीय तहहरुमा पठाउने काम सचिवालयले गर्ने।

(२) स्थानीय तहले आंशिक रकम भुक्तानि हुन बाँकी रहेका कमैया श्रमिकको नाम नामेसी सहितको विवरण मालपोत कार्यालयबाट माग गर्ने ।मालपोत कार्यालयले सचिवालयमा पठाएको विवरण सँग फरक नपर्ने गरी सम्वन्धित स्थानीयतहलाई विवरण पठाउने।

(३) स्थानीय तहले सरोकारवाला कमैया श्रमिकलाई वडा कार्यालयबाट आफु सरोकारवाला कमैया श्रमिक भएको सिफारिस सहित रकम भुक्तानि लिन आउन सूचना प्रकाशन गर्ने, आफ्नो वेबसाइटमा राख्ने र स्थानीय सञ्चार माध्यम मार्फत प्रचार प्रसार गर्ने।

(४) उपदफा (३) वमोजिम सम्पर्क राख्न आएका व्यक्ति सरोकारवाला कमैया श्रमिक भएको यकीन गरी रकम भुक्तानि दिने। भुक्तानि लिए दिएको अभिलेख अद्यावधिक राख्ने।

## १४. <u>मुक्त कम्लहरी सम्वन्धमाः</u>

(१) सचिवालयले कम्लहरी रहेका जिल्ला स्थित स्थानीय तहहरुबाट साविक लगतमा नाम छुट भै हालको लगतमा समावेश हुन आएका मुक्त कम्लहरीहरुको विवरण प्राप्त गर्ने।

(२) साविक लगतमा नाम समावेश भएका तर हाल सम्म परिचयपत्र नपाएका कम्लहरीहरुको विवरण सम्वन्धित जिल्लाको मालपोत कार्यालयबाट प्राप्त गर्ने।

(३) साविक र हालको लगतमा नाम समावेश भएका तर परिचयपत्र पाउन बाँकी कम्लहरीहरुलाई सम्वन्धित स्थानीयतहबाट परिचयपत्र प्रदान गर्न सचिवालयले परिचयपत्र र बैठक भत्ता लगायतको रकम उपलव्ध गराउने।

(४) सम्वन्धित स्थानीय तहहरुले परिचयपत्र लिन आउन कम्लहरीहरुलाई सूचना प्रकाशित गर्ने।

(५) सम्पर्क राख्न आउने कम्लहरीहरुको पहिचान यकीन गरी परिचयपत्र प्रदान गर्ने।परिचय पत्र लिए दिएको अभिलेख अद्यावधिक गरी राख्ने।

(६) परिचयपत्र पाएका कम्लहरीलाई पुनस्थापन सम्वन्धी कार्यक्रममा सहभागी गराउने।

## १५. <u>पुनस्थापन सम्वन्धी कार्यक्रमः</u>

### १५.१ नीति प्रभावकारिता अनुभूत कार्यक्रमः

कमैया श्रमिकको हालको अवस्थामा सुधार ल्याई मर्यादित जीवन बाँच्ने अवस्थामा पुऱ्याउन सरकारले अवलम्वन गरेका नीतिहरुको प्रभावकारी कार्यान्वयन आवश्यक छ।कमैया श्रमिकको हीतमा ल्याइएका कार्यक्रमलाई अनुभूतयोग्य बनाउन निम्न कार्यक्रम सञ्चालन गरिनेछः

(क) कमैया श्रमिक मध्ये खासगरी हरवा चरवाहरु रहेको क्षेत्रमा कमैया श्रमिक लक्षित नागरिकता वितरण कार्यक्रम सञ्चालन गर्ने।

(ख) हरवा चरवाले जमिन्दारसँग लिएका ऋण तिर्न नपर्ने, ऋण तिर्न वाध्यपार्ने जमिन्दार विरुद्ध उजुरी गर्न सकिने,कसैलाई पनि विना ज्याला वा नेपाल सरकारबाट निर्धारित ज्याला भन्दा कम ज्यालामा काममा लगाउन नपाइने, स्कूल जानेउमेरका बालबालिकालाई घरमा केटाकेटी हेर्ने वा गाईबस्तु चराउने काममा लगाउन नहुने व्यहोरा सञ्चार माध्यमबाट व्यापक प्रचार प्रसार गर्ने।

(ग) हरवा चरवाको अन्यत्र व्यवस्था नभएसम्म बसोबास गरिरहेको स्थानबाट जग्गावालले जवर्जस्ती हटाउन वा छोडेर जान शारीरिक वा मानसिक दवाव दिएमा सो विरुद्ध उजुरी दिन सकिने कानूनी व्यवस्था प्रचार प्रसार गर्ने।

(घ) हरवा चरवाको उजुरीलाई प्राथमिकताका साथ कारवाही गर्न सम्वन्धित कार्यालयलाई निर्देशन दिने।

**उपदफा (क) देखि (घ) सम्मका कार्य गृह मन्त्रालयले गर्ने।**

(ङ) लगत संकलनको सूचना पुऱ्याउन, सूचना वमोजिम लगतमा समावेश गराउन, लगतमा कोही छुट नभएको सुनिश्चितगर्न, वर्गीकरण वमोजिमको परिचयपत्रको उपलव्धता सुनिश्चित

गर्न कमैया श्रमिकको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थासँग समन्वय र सहजीकरण गर्ने।

(च) कमैया श्रमिकको उत्थानको लागि सरकारको कार्यक्रमसँग तादात्मय र अनुभूतयोग्य उपलव्धि(Tangible Result) प्राप्त गर्ने गरी आर्थिक तथा प्राविधिक सहायता गर्न विकास साझेदार संस्थालाई सहभागी गराउने।

(छ) उपदफा (च ) र उपदफा (छ) वमोजिमको काम सचिवालयले गर्ने।

**१५.२ सुरक्षित बसोबास कार्यक्रमः**

**(क) बसोबासको लागि जोखिम रहित जग्गा पहिचानः**

(अ) भौगोलिक र भौगर्भिक रुपले जोखिम नभएको सुनिश्चित गर्ने,

(आ) विकास निर्माणका कारण भविष्यमा जोखिम नहुने यकीन गर्ने,

(इ) उक्त स्थान नजिक रोजगारी प्राप्त हुने सुनिश्चित गर्ने,

(ई) भूउपयोग ऐन र नियमावली वमोजिम आवासीय क्षेत्रमा वर्गीकरण भएको यकीन गर्ने,

(उ) उल्लिखित कार्य सम्वन्धित स्थानीय तहले गर्ने।

**(ख) बस्तीमा आधारभूत पूर्वाधारको विकास**

(अ) राष्ट्रिय भूमि आयोग मार्फत जग्गा उपलव्ध गराउने

(आ) जग्गा उपलव्ध भएको ३ महिना भित्र एकीकृत वस्तीको मापदण्ड वमोजिम वस्तीको नक्शांकन गर्ने।

(इ) सडक, विजुली, खानेपानी, टेलिफोन, ईन्टरनेट,शिक्षा र स्वास्थ्यको सुविधा भएको वा पुऱ्याउनु पर्ने।

(ई) खुलाठाउँ, सुरक्षाको प्रवन्ध, वस्तु र सेवा विनिमयको अवसरहुनुपर्ने।

(उ) वातावरणीय स्वच्छताकायम गर्न र फोहर व्यवस्थापनको प्रवन्ध गर्नुपर्ने।

(ऊ) (आ) देखि(उ) सम्मका कार्यहरु सम्वन्धित स्थानीय तहले गर्ने।

**(ग) भूक्तानि हुन बाँकी दोस्रो किस्ता र काठको रकम भुक्तानि।**

(अ) कमैयाहरुको लागि काठको रकम६ महिना भित्र उपलव्ध गराउने।

(आ) जग्गा पाएका हलियालाई घर निर्माण वापतको रकम१ वर्ष भित्र दिने।

(इ) हलियाहरुको घर निर्माण वापतको दोस्रो किस्ता १ वर्ष भित्र भूक्तानि गर्ने।

(ई) हलियाहरुको घर मर्मत वापतको दोस्रो किस्ता१ वर्ष भित्रभूक्तानि गर्ने।

(उ) उल्लिखित कार्यहरु सचिवालयले गर्ने।

**(घ) कमैया श्रमिक वस्तीका आधारभूत सेवामा निश्चित शुल्क छुट**

(अ) खानेपानीमा १० युनिट र विजुलीमा २० युनिट सम्म छुट दिने।

(आ) कमैया श्रमिकका विद्यालय जाने बालबालिकाहरुलाई निशुल्क पुस्तक,खाजा र अध्ययन शुल्कमा पूर्णछुट दिने।

(इ) सार्वजनिक स्वास्थ्य संस्थामा ज्येष्ठनागरिक र महिलाहरुको लागि औषधोपचारमा छुट दिने।

(ई) उल्लिखित कार्यका लागि सम्वन्धित स्थानीय तहले अनुदान उपलव्ध गराउने।

**(ङ) व्यवस्थित र एकीकृत बस्ती विकासमा विकास साझेदार संस्थासँगको सहभागिता**

(अ) जोखिम रहित स्थान पहिचानमा आवश्यक प्राविधिक सहयोग गर्ने।

(आ) व्यवस्थित आवास निर्माणको लागि स्थापना गरिएकोबासस्केट फण्डमा योगदान गर्ने।

(इ) उल्लिखित कार्यका लागि सचिवालयले आवश्यक समन्वय र सहजीकरण गर्ने।

## १५.३ सामाजिक सुधार र सशक्तिकरण कार्यक्रमः

**(क) कमैया श्रमिक समूह गठन र जनचेतना मूलक कार्यक्रम**

(अ) समान प्रकृतिको रुची र दक्षताका आधारमा हरेक वस्तीमा कमैयाश्रमिक समूह गठन गर्ने।

(आ) सीप उपयोग र प्रविधि हस्तान्तरणका क्षेत्रहरुबारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

**(ख) कमैया श्रमिक लक्षित सीप विकास तथा व्यवसायिक तालिम**

(अ) उमेर, क्षमता र इच्छा अनुसार प्रत्येक वडामा आधारभूत तालिमको व्यवस्था गर्ने।

(आ) विशेष दक्षता तालिम लिन चाहने कमैया श्रमिकलाई तालिम लागतको ५० प्रतिशतशुल्क स्थानीय तहले व्यहोर्ने।

**(ग) कमैया श्रमिक लक्षित शिक्षामा पहुँचवृद्धि कार्यक्रम**

(अ) प्राथमिक तहका छात्रछात्रालाई स्थानीय तह मार्फत विद्यालय पोशाक उपलव्ध गराउने।

(आ) प्राविधिक र व्यवसायिक शिक्षामा कमैया श्रमिकका सन्तानलाई ५% सिट आरक्षण गर्ने।

(इ) आफ्नो तहभित्रका विद्यालयमा उच्च शिक्षा हासिल गर्न चाहने कमैया श्रमिकका सन्तानलाई ५०% छात्रवृतिको व्यवस्था गर्ने।

(ई) अध्ययनको सिलसिलामा सामुदायिक वा निजी विद्यालयका होस्टेलहरुमा बस्ने कमैया श्रमिकका सन्तानको ५०% होस्टेल व्यहोर्ने।

**(घ) स्वास्थ्य सेवामा पहुँच वृद्धि विशेष कार्यक्रम**

(अ) कमैया श्रमिकको स्वास्थ्य विमा शुल्क वापत५०% संघीय २५% प्रदेश र २५% स्थानीय तहले व्यहोर्ने।

(आ) खोप तथा विशेष खोपहरुमा प्राथमिकता दिने।

(इ) स्थानीय स्तरमा उपचार संभव नभएको भनी चिकित्सकले सिफारिस गरेका कमैया श्रमिकलाई रेफरल अस्पतालमा उपचारको व्यवस्था प्रदेश सरकारले गरिदिने।

(ई) महिला स्वयसेविका र मातृशिशु कार्यकर्ता जस्ता आधारभूत स्वास्थ्य सेवाको काम गर्ने पदहरुमा भर्ना लिँदा न्यूनतम योग्यता पुगेका कमैया श्रमिकका महिलाहरुलाई १०% आरक्षण दिने।

(उ) कमैया श्रमिकको एकीकृत वस्तीमा प्रत्येक त्रैमासिकमा विशेषज्ञ चिकित्सकको सेवा उपलव्ध गराउने।

**(ङ) स्थानीय समितिहरुमा कमैया श्रमिकको प्रतिनिधित्व**

(अ) आमा समुह, टोलसुधार समिति,खानेपानी उपभोक्ता समुह जस्ता सामुदायिक संस्थामा प्रतिनिधित्वमा प्राथमिकता दिने।

(आ) पालिकास्तरीय तथा वडास्तरीय विभिन्न कार्यक्रम कार्यान्वयनका सन्दर्भमा गठन हुने समितिहरुमा प्रतिनिधित्व गराउने।

(इ) कमैया श्रमिक सम्वन्धी नीति निर्माण गर्ने स्थानीय तहका कुनै पनि सामाजिक तथा राजनीतिक संयन्त्रमा कमैया श्रमिकको प्रतिनिधित्व गराउने।

**(च) सशक्तिकरणमा विकास साझेदार संस्थाको सहभागिता**

(अ) प्रत्येक स्थानीय तहमा तालिम प्राप्त गरेका कमैया श्रमिकलाई तालिम अनुसारको सीप प्रयोग गर्न यन्त्र उपकरण उपलव्ध गराउने ।

(आ) आफ्नै व्यवसाय सुरु गरी अन्यलाई पनि रोजगारी दिने कमैया श्रमिकलाई क्षमता अभिवृद्धि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Exposer visit को अवसर उपलव्ध गराउने।

(इ) पुनस्थापन कार्यमा संलग्न मन्त्रालय, पुनस्थापन समन्वय केन्द्र, स्थानीय तह र वडा समितिमा रहेका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा अवलोकन भ्रमणको लागि Exposer visit गराउने।

(ई) लगत संकलनको लागि आवश्यक मोड्यूल तथा सफ्टवेयर र उपकरण उपलव्ध गराई उपयोग गर्न सक्षम बनाउने।

(उ) उपरोक्त कार्यहरु गर्दा विकास साझेदार संस्थाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार को समन्वयमा गर्ने।

(ऊ) उल्लिखित बुँदाहरु मध्ये (क) देखि (घ) सम्मका कार्यहरुको समन्वय र सहजीकरण प्रदेश पुनस्थापन समन्वय समितिले गर्ने र यसका लागि आवश्यक स्रोतको व्यवस्था प्रदेश सरकारले गर्ने।

**१५.४ आर्थिक सुधार कार्यक्रमः**

कमैया श्रमिकको जीवनस्तरमा सुधार ल्याउन उनिहरुमा आत्मवल,सीप विकास र क्षमता अनुसार दक्षता अभिवृद्धि गरी वृति विकासमा टेवा पुर्याउन देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछः

**(क) समूह वचत परिचालन कार्यक्रम**

(अ) कमैया श्रमिकबाट नियमित रुपमा **मासिक न्यूनतम रकम** बचत गर्न लगाउने।

(आ) समुहका सदस्यलाई समूह **जमानीमा न्यूनतम** व्याजमा ऋणप्राप्त हुने व्यवस्था गर्ने।

(इ) समूह बचतकोषलाइबार्षिक **मुनाफाको ५०%** सरकारबाट प्रोत्साहन अनुदान दिने।

**(ख) कमैया श्रमिक सहकारी संस्था स्थापना सहजीकरण**

(अ) प्रत्येक स्थानीय तहमा वार्षिक **कम्तिमा एउटा** सहकारी सम्वन्धी तालिम दिने।

(आ) सहकारी सञ्चालनको लागि कम्तिमा **एक लाख वीउपुँजी** उपलव्ध गराउने।

(इ) स्थानीय कृषि उत्पादन खरीद र बिक्री गर्ने सहकारीलाई पसल कवलको **भाडाको ५०%** तिरिदिने।

**(ग) उद्यमी विकास कार्यक्रम**

(अ) प्रत्येक स्थानीय तहमा कमैया श्रमिकका परिवारमा रहेका महिलारपुरुषको रुचि र क्षमता हेरी सिलाइ कटाइ, च्याउखेती, बेमौसमी तरकारी,फलफूल तथा तरकारी घुम्ती व्यवसाय, घरेलु अचार उद्योग, प्याकेजिङ्ग, ड्राइभिङ्ग, सैलुन,विद्युतीय सामान वायरिङ्ग र मर्मत, डकर्मी, मोटरसाइकल मर्मत,कुखुरा पालन, माछापालन, बेतबाँसबाट मुढा बनाउने, हाउस पेण्टिङ्ग, सिकर्मी लगायत स्थानीय स्तरमा उपयोगी हुने तालिम सञ्चालन गर्ने।

(आ) तालीम प्राप्त कमैया श्रमिकलाई **सामुहिक रुपमा** व्यवसाय सञ्चालन गर्न आवश्यक मेशिनरी औजार उपकरण उपलव्ध गराउने।

(इ) उल्लिखित कार्यहरुको समन्वय र सहजीकरण प्रदेश पुनस्थापन समन्वय समितिले गर्ने र यसका लागि आवश्यक स्रोतको व्यवस्था प्रदेश सरकारले गर्ने।

**(घ) रोजगार प्रवर्द्धन कार्यक्रम**

(अ) **प्रत्येक** स्थानीय तहमा रोजगार सम्पर्क केन्द्रको डेस्क राख्ने।

(आ) सीप वा सेवा बेच्न चाहने व्यक्तिको **दक्षता र सम्पर्क नम्वर(Skill Inventry)** अद्यावधिक गर्ने।

(इ) श्रम वा सेवा आवश्यक पर्ने व्यक्ति संस्था वा निकायले रोजगार केन्द्रमार्फत सम्वन्धित व्यक्तिसँग **सम्पर्क गर्न सक्ने व्यवस्थाको** प्रचार प्रसार गर्ने।

(ई) स्थानीय सरकारले कमैया श्रमिकलाई तत्काल **आवश्यक उपकरण** उपलव्ध गराउने।

(उ) स्थानीय तहमा सञ्चालन हुने **<u>प्रधानमंत्री रोजगार कार्यक्रम वा मुख्यमन्त्री</u>** रोजगार कार्यक्रममा सम्वन्धित कार्यक्रमले कूल रोजगारीको कम्तिमा **<u>१०% कमैया</u>** श्रमिकलाई उपलव्ध गराउने।

(ऊ) कमैया श्रमिकलाई रोजगारी दिने स्थानीय तहमा रहेका निजी व्यवसायिक संस्थालाई **<u>प्रति रोजगार ५%</u>**व्यवसाय कर छुट दिने।

**(ङ) स्वरोजगारको लागि बीउ पूँजी**

(अ) सीप र दक्षता भएका तर लगानी क्षमता नभएका कमैया श्रमिकलाई व्यवसाय सुरु गर्न स्थानीय तहले व्याज अनुदानमा एक पटक सुरु पूँजी उपलव्ध गराउने।

(आ) बीउपूँजी लिएका कमैया श्रमिक व्यवसायीको उत्पादन <u>सहकारी पसलले अनिवार्य</u> किन्नु पर्ने व्यवस्था गर्ने।

(इ) सहुलियत व्यवसायिक कर्जा प्राप्तिका लागि स्थानीयतहले कमैया श्रमिकको जमानी दिने।

**(च) कृषिजन्य कामको लागि लिजमा जग्गा**

(अ) प्रत्येक स्थानीय तहमा रहेका मध्ये सरकारी पोखरी वा तलाउलाई माछा पालनको लागि शर्त सहित उपलव्ध गराउने।

(आ) प्रत्येक स्थानीय तहमा हाल उपयोगमा नरहेका नदीउकास, सरकारी ऐलानी, पर्ति लगायत जग्गा कृषि कार्यका लागि सशर्त उपलव्ध गराउने।

(इ) उल्लिखित कार्य भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयले गर्ने।

**१६. <u>पुनस्थापन सम्वन्धी कार्यक्रम सञ्चालनको जिम्मेवारीः</u>**

कमैया श्रमिकको पुनस्थापन वहुआयामिक विषय भएकोले तीनैतहका सरकार एवं ती मातहत निकायहरुको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता र आपसी सहयोग एवं समन्वय आवश्यक छ। पुनस्थापनको क्रममा सरकार र सरोकारवालाहरुले मूलतः निम्नानुसार भूमिका निर्वाह गर्नुपर्नेछः

(१) नीति तर्जुमा, आवश्यकता अनुसार नीतिमा परिमार्जन, संघीय मन्त्रालय बीच समन्वय र अनुगमन सम्वन्धी कार्यभूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयले।

(२) कमैया श्रम(निषेध गर्ने) ऐन, २०५८ का प्रावधान वमोजिम सामाजिक विभेदको अन्त्य गर्ने कदमलाई प्रभावकारी बनाउने कार्यगृह मन्त्रालयले।

(३) क्षेत्रगत कार्यक्रम तर्जुमा, स्रोत व्यवस्थापन, कार्यान्वयन र अनुगमनको कार्यश्रम, शिक्षा, स्वास्थ्य,महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयहरुले।

(४) पुनस्थापित कमैया श्रमिकको जीवन निर्वाहका आधार तर्जुमा गर्न प्रादेशिक श्रोत परिचालन, एकीकृत वस्ती विकास, अन्तर स्थानीयतह विवाद समाधान, पुनस्थापन कार्यको अनुगमन,प्रदेश सरकार भूमि व्यवस्था हेर्ने मन्त्रालयले।

(५) लगत संकलनदेखि पुनस्थापन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने दफा ८ वमोजिमका कार्यहरु सम्वन्धित स्थानीय तहले।

(६) कमैया श्रमिकको क्षेत्रमा काम गर्ने विकास साझेदार संस्थाहरुसँग समन्वय र सहजीकरणको कार्यसमाज कल्याण परिषदले।

(७) कमैया श्रमिकलाई पुनस्थापनका विभिन्न चरणहरुमा सहजीकरण गर्ने कार्य कमैया श्रमिकको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुले।

(८) पुनस्थापन कार्यक्रमको मूर्त (Tangible) परिणामको लागि आर्थिक तथा प्राविधिक सहायता र अवलोकन भ्रमण सम्वन्धी कार्य विकास साझेदार संस्थाहरुले।

**१७. <u>कार्ययोजना र नियमित समीक्षाः</u>**

(१) कमैया श्रमिकको पुनस्थापनको लक्ष प्राप्तिको लागि कार्यविधिको दफा १४ मा उल्लिखित पुनस्थापन सम्वन्धी कार्यक्रम कार्यान्वयनका सन्दर्भमा संलग्न रहने मुख्य निकाय, सहयोगी निकाय, सो क्रियाकलाप सम्पादन गरिसक्नुपर्ने समय र नियमित अनुगमन गर्ने निकाय सहितको कार्ययोजना अनुसूचि ५ मा संलग्न छ।

(२) पुनस्थापन सम्वन्धी जिम्मेवारीमा रहेका निकायले कार्ययोजनाको वार्षिक लक्षलाई मासिक र चौमासिक लक्षमा विभाजन गरी कार्यान्वयनमा गर्ने।

(३) पुनस्थापन समितिलेपुनस्थापन कार्यको नियमित रुपमा त्रैमासिक र वार्षिक समीक्षा गरी सुधारात्मक उपायहरु अवलम्वन गर्नुपर्ने भए निर्देशन दिने।

**१८. <u>उपलव्धी मापन सूचकका आधारमा समीक्षा गर्नेः</u>** (१) नियमित समीक्षा गर्दा पुनस्थापन कार्यक्रमसँग सम्वन्धित उपलव्धी सूचक (Output Indicator) हरूका आधारमा गर्नुपर्ने। कार्यविधि स्वीकृति भएको मितिलाई आधारमानी उपलव्धी सूचकहरु तयार गर्नुपर्ने। उदाहरणको लागिः

कार्यविधि स्वीकृत भएको

- १ महिना भित्र कार्यान्वयन संयन्त्रहरुगठन भएका हुने।
- ६ महिना भित्र लगत संकलनकार्य सुरु भएको हुने।
- १ वर्ष भित्र लगत संकलन सम्पन्न भएको हुने।
- १.५ वर्ष भित्र भुक्तानिबाँकी रकम भुक्तानि भएको हुने।
- २ वर्ष भित्र जग्गापहिचान र व्यवस्थित वस्ती विकासको लागि नक्शांकन भएको हुने।

(२) यसै प्रकारले अन्य कार्यहरुको उपलव्धी सूचकहरु तर्जुमा गर्ने।

## परिच्छेद ४
## कार्यान्वयन संयन्त्र र जिम्मेवारी

**१९. कार्यान्वयन संरचना:** कमैया श्रमिक पुनस्थापनमा, लगत संकलनकार्यमा वडा समिति, कार्यान्वयको मुख्य जिम्मेवारीमा स्थानीय तह, स्रोत व्यवस्था, समन्वय र अनुगमनको लागि प्रदेश समन्वय केन्द्र, कार्यक्रम तर्जुमा, स्रोतको खोजी एवं परिचालनको लागि सचिवालय र नीति तर्जुमा निर्देशन र विभिन्न मन्त्रालय बीच समन्वयको लागि पुनस्थापन समिति रहने छ।

**२०. पुनस्थापना समन्वय समितिः** (१) मुक्त कमैया, कम्लहरी, हलिया, र हरवा चरवाको पुनस्थापन सम्वन्धी कार्य गर्न मन्त्रालयमा देहायवमोजिमको पुनस्थापना समन्वय समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | भूमि व्यवस्था मन्त्रालय हेर्ने मन्त्रालयको मन्त्री | अध्यक्ष |
| (ख) | भूमि व्यवस्था हेर्ने योजना आयोगको सदस्य | सदस्य |
| (ग) | सचिव प्रधानमन्त्री कार्यालय | सदस्य |
| (घ) | सचिव भूमिव्यवस्था सहकारी तथा गरिवी निवारण | सदस्य |
| (ङ) | कमैया श्रमिकको क्षेत्रबाट २ जनाविज्ञ सदस्य | |
| (च) | भूमि आयोगको सदस्य सचिव | सदस्य |
| (छ) | सहसचिव भूमि व्यवस्था महाशाखा हेर्ने | सदस्य सचिव |

(१) पुनस्थापन समितिको वैठक आवश्यकता अनुसार बस्नेछ

(२) विज्ञको योग्यताः पुनस्थापन समन्वय समितिमा कमैया श्रमिकको क्षेत्रबाट प्रतिनिधित्व गर्ने विज्ञ सदस्य कम्तिमा स्नातकतह उतिर्ण र सम्वन्धित क्षेत्रमा १० वर्षको अनुभव भएको हुनु पर्ने।

(३) पुनस्थापन समन्वय समितिको काम र कर्तव्यः

पुनस्थापन समन्वय समितिको काम कर्तव्य र अधिकार देहायवमोजिम हुनेछः

(क) पुनस्थापन सम्वन्धी नीति र कार्ययोजना तर्जुमा गर्ने

(ख) स्वीकृत नीति र कार्ययोजना कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा पठाउने।

(ग) पुनस्थापन सम्वन्धी वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

(घ) कमैया श्रमिकको लगत संकलन कार्यको लागि सूचना प्रकाशन गर्न निर्देशन दिने,

(ङ) पुनस्थापन कार्यको उपलव्धी सूचकका आधारमा नियमित रुपमा त्रैमासिक र वार्षिक समीक्षा गरी सुधारात्मक उपायहरु अवलम्वन गर्न निर्देशन दिने।

(च) पुनस्थापन सम्वन्धमा सरोकारवाला मन्त्रालय, प्रदेश मन्त्रालय र स्थानीय तहलाई आवश्यक निर्देशन दिने।

(छ) समाज कल्याण परिषदसँग समन्वय गरी विकास साझेदार संस्था, गैरसरकारी संस्था लगायत अन्य दातृ निकायलाई सहकार्य गर्न आमन्त्रण र सहजीकरण गर्ने।

(ज) अन्तर मन्त्रालय र अन्तरप्रदेश समन्वय गर्ने।

२१. <u>पुनस्थापन समन्वय समितिको सचिवालयः</u> (१) कमैया श्रमिकको पुनस्थापन सम्वन्धी कार्यमा सहजीकरण गर्न भूमि व्यवस्था महाशाखाले पुनस्थापन समन्वय समितिको सचिवालयको काम गर्नेछः

(२) पुनस्थापन समितिको सचिवालयको काम देहाय वमोजिम हुनेछः

(क) पुनस्थापन कार्यको लागि समर्पित शाखा(Dedicated Section ) र कर्मचारी तोक्ने।

(ख) वार्षिक कार्यक्रम, कार्ययोजना र कार्यान्वयनका उपलव्धी सूचक तर्जुमा गरी पुनस्थापन समन्वय समितिबाट स्वीकृत गराउने।

(ग) पुनस्थापन समितिबाट स्वीकृत भएवमोजिम मुक्त कमैया, कम्लहरी, हलिया, र हरवा चरवाको पहिचानको लागि लगत संकलन कार्यसञ्चालन गर्न अवधि तोकी सूचना प्रकाशन गर्ने,

(घ) स्वीकृत कार्यक्रम कार्ययोजना वमोजिम कार्यान्वयनको लागि सम्वन्धित निकाय र स्थानीय तहमा पठाउने।

(ङ) आंशिक रकम भुक्तानि दिनुपर्ने कमैया श्रमिकको लागि आवश्यक बजेटको व्यवस्था र सम्वन्धित स्थानीय तहहरुमा निकासा गर्ने।

(च) पुनस्थापन कार्यको अनुगमन गरी सुधारात्मक उपाय अवलम्वन गर्न पुनस्थापन समितिमा पेश गर्ने।

(छ) पुनस्थापन समितिसँग समन्वय गरी विकास साझेदार संस्था, गैरसरकारी संस्था लगायत अन्य दातृ निकायबाट प्राप्त सहयोगको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने।

२२. **<u>प्रदेश पुनस्थापन समन्वय समितिः</u>**

(१) पुनस्थापन कार्यक्रम सञ्चालन हुने प्रदेशमा भूमि व्यवस्था हेर्ने मन्त्रीको अध्यक्षतामा देहायका सदस्यहरु रहने गरी प्रदेश पुनस्थापन समन्वय समिति गठन हुनेछः

| | |
|---|---|
| मन्त्री भूमिव्यवस्था | अध्यक्ष |
| सचिव, भूमि व्यवस्था तथा कृषि | सदस्य |
| सचिव अर्थ | सदस्य |
| सचिव सामाजिक विकास | सदस्य |
| सचिव योजना | सदस्य |
| कमैया श्रमिक क्षेत्रको प्रतिनिधि २ जना | सदस्य |
| महाशाखा प्रमुखभूमि व्यवस्था तथा कृषि | सदस्य सचिव |

(२) प्रदेश पुनस्थापन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ।

(क) स्थानीयतहबाट वर्गीकरण प्रस्ताव सहित प्रमाणीकरण भै आएको लाभग्राहीको सूची अनुमोदन गर्ने।

(ख) वर्गीकरण वमोजिम परिचयपत्र तयार गरी वितरणको लागि सम्वन्धित स्थानीय तहमा पठाउने।

(ग) प्रदेशमा कमैया श्रम (निषेध गर्ने ) सम्वन्धी ऐनको पालना भए नभएको अनुगमन गर्ने।

(घ) प्रदेशभित्रका कमैया श्रमिकको पुनस्थापन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गर्ने।

(ङ) एकीकृत वस्ती विकास, कमैया श्रमिकको क्षमता वृद्धि र रोजगार केन्द्र स्थापना जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने।

(च) सीप विकास सम्वन्धी तालिमहरुको व्यवस्था, सञ्चालन र समन्वय गर्ने

(छ) एकीकृत वस्ती विकासमा स्थानीयतह वीचसमन्वय गर्ने।

(ज) पुनस्थापन कार्यको अनुगमन गर्ने।

(झ) सचिवालयबाट प्राप्त कार्यक्रम कार्यान्वयन र निर्देशन पालन गर्ने।

(३) प्रदेश पुनस्थापन समन्वय समितिको सचिवालय प्रदेश सरकारको भूमि व्यवस्था हेर्ने मन्त्रालयमा रहनेछ।

२३. **<u>स्थानीय तहको भूमिकाः</u>** स्थानीय तहमा रहेको भूमि विषय हेर्ने शाखाले अग्रपंतिमा रही यस कार्यविधि वमोजिम कमैया श्रमिक पुनस्थापनको कार्य गर्नुपर्नेछ। पुनस्थापनको सन्दर्भमा स्थानीय तहको काम कर्तव्य र अधिकार निम्नानुसार छः

(१) लगत संकलन सम्वन्धीः

(क) लगतसंकलनको सूचना प्रकाशित भएपछि प्रत्येक वडामा यस कार्यविधि वमोजिम लगत संकलन सहजीकरण समिति गठन गर्न लगाउने

(ख) लगत संकलनको कार्य सुरु गर्नु अघि गणना टोलीलाई प्रशिक्षण दिने।

(ग) वडासमितिबाट सत्यापन र वर्गीकरण प्रस्ताव भै आएको लगत प्रमाणीकरण गर्ने।

(घ) प्रमाणित लगत अनुमोदनको लागि प्रदेश पुनस्थापन समन्वय समितिमा पठाउने।

(ङ) वर्गीकरण भै आएका कमैया श्रमिकलाई परिचयपत्र वितरण गर्न वडा समितिमा पठाउने।

**(२) बसोबास व्यवस्थापन सम्वन्धीः**

(क) अघिल्लो लगतसंकलनमा छुट भएका, अघिल्लो लगतमा नाम समावेश भै पुनस्थापनको प्रक्रियामा नपरेका भूमिहीन र यसपटकको लगतमा समावेश हुन आएका भूमिहीन कमैया श्रमिकलाई बसोबासको व्यवस्था गर्न सम्वन्धित वडामा र सो ठाउँमा जग्गा नभए स्थानीय तहको अन्य वडामाएकीकृत वस्ती विकास गर्न जोखीम रहीत जग्गा पहिचान गर्ने।

(ख) जग्गाको छनौट गर्दा कमैया श्रमिकको श्रम उपयोग गर्ने सहजताको लागि स्थानीय तहको

विभिन्न ठाउँमा पहिचान गर्ने।

(ग) एकीकृत वस्ती विकासको मापदण्ड वमोजिम आवास गृहहरु निर्माण गर्ने ।

(घ) एकीकृत वस्तीको पहिचान र आवास गृह निर्माणमा विकास साझेदार संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने।

(ङ) "क" वर्गको रातो परिचय पत्र प्राप्त भूमिहीन परिवारलाई आवासगृह हस्तान्तरण गर्ने।

**(३)अघिल्लो पुनस्थापनको आंशिक भुक्तानी सम्वन्धीः**

(क) निलो परिचयपत्र पाएका आंशिक रकम भुक्तानि हुन बाँकी कमैया श्रमिकको विषयगत विवरण (कमैया हलिया कस्को के वापतको कति रकम बाँकी छ) मालपोत कार्यालयसँग समन्वय गरी तयार गर्ने।

(ख) विषयगत विवरणको आधारमा आवश्यक रकम आँकलन गरी बजेट व्यवस्थाका लागि पुनस्थापन समितिमा पठाउने।

(ग) पुनस्थापन समितिबाट निकासा भै आएको रकम सम्वन्धित कमैया श्रमिक परिवारलाई भुक्तानि गर्ने।

(४) परिचयपत्र प्राप्त गर्न बाँकी कम्लहरीलाई परिचयपत्र वितरण गर्न सम्वन्धित मालपोत कार्यालयसँग समन्वय गर्ने।

**(५)पुनस्थापन सम्वन्धी कार्यक्रम सञ्चालन गर्नेः**

(१) स्थानीय तहले यस कार्यविधिको दफा १५ मा उल्लेख भएवमोजिमका १५.२ देखि १५.४ सम्मका पुनस्थापन सम्वन्धी कार्यक्रम सम्पादन गर्नु पर्नेछ।

(२) स्थानीय तहले पुनस्थापन सम्वन्धी कार्यक्रम सञ्चालन गर्न आफ्नो प्रत्यक्ष नियन्त्रण र निर्देशनमा काम गर्ने गरी एउटा समिति वा कार्यदल गठन गर्न सक्नेछ।

२४. **वडा समितिः** कमैया श्रमिक पुनस्थापनको सन्दर्भमा वडा समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछः

(क) लगत संकलनको सूचना प्रकाशित भएपछि लगत संकलन सहजीकरण समिति गठन गरी लगत संकलनको कार्य सुरु गर्ने।

(ख) लगत संकलन सहजीकरण समिति बाट संकलित लगत सत्यापन र वर्गीकरण गर्ने।

(ग) सत्यापन गरिएको लगत प्रमाणीकरणको लागि स्थानीय तहमा पठाउने।

(घ) वर्गीकरण भै आएका कमैया श्रमिकलाई परिचयपत्र वितरण गर्ने।

(ङ) निलो परिचयपत्र पाएका कमैया श्रमिकलाई आंशिक रकम लिन सहजीकरण गर्ने।

(च) रातो परिचयपत्र पाएका कमैया श्रमिकलाई व्यवस्थित वस्ती विकास गर्न जग्गा पहिचानको लागि स्थानीय तहसँग सहजीकरण गर्ने।

## परिच्छेद ५

## विविध

**२५. जनशक्ति व्यवस्थाः**

(क) संघीय भूमि व्यवस्था मन्त्रालयबाट मन्त्रालयको सचिव,भूमि व्यवस्था महाशाखाको प्रमुख, योजना तथा अनुगमन महाशाखाको प्रमुख, आर्थिक प्रशासन शाखाको प्रमुख, कानून शाखाको प्रमुख र बसोबास तथा जग्गा प्रशासन शाखाका प्रमुख,रा.प तृतीय श्रेणीका दुई, रा.प अनं प्रथम श्रेणीका एक र कार्यालय सहयोगी दुइजना कर्मचारीलेकमैया पुनस्थापन कार्यमा प्रत्यक्ष संलग्न भै जिम्मेवारी निर्वाह गर्नुपर्ने छ।

(ख) पुनस्थापन कार्यक्रम सञ्चालन हुने प्रदेश सरकारको भूमि व्यवस्था हेर्ने मन्त्रालयमा पाँचजना कर्मचारी सहितको समर्पित समूह राख्नुपर्नेछ।

(ग) पुनस्थापनको कार्यक्रम स्चालन हुने स्थानीय तहमा एक जना अधिकृत ,तीनजना सहायक पाँचौ तहसम्म (आर्थिक प्रशासन समेत) र एकजना कार्यालय सहयोगी सहित पाँच जनाको पुनस्थापन समर्पित समूह राख्नुपर्नेछ।

(घ) लगत संकलनको लागि वडामा बढीमा दुईजना गणना अवधिको लागि करारमा नियुक्ति गर्नुपर्नेछ।

**२६. सेवा सुविधाः**

(क) संघीय भूमि व्यवस्था मन्त्रालयका विशिष्ट श्रेणी एकजना, राप प्रथम श्रेणी दुइजना, राप द्वितीय श्रेणी चारजना, राप तृतीय श्रेणी दुइ जना, राप अनं प्रथम एकजना र श्रेणीविहिन दुइजना गरी जम्माबाह्र जना; पुनस्थापन कार्यक्रम सञ्चालन हुने प्रदेश सरकारको भूमि व्यवस्था हेर्ने मन्त्रालयका कार्यक्रम सम्पर्क केन्द्र (Focal Point) का पाँचजना कर्मचारी र स्थानीय तहका समर्पित समूहका पाँच जना र प्रमुख प्रशासकीय अधिकृत गरी ६ जना कर्मचारीलाई तलव स्केलको पच्चीस प्रतिशत प्रोत्साहन भत्ता उपलव्ध गराउनु पर्नेछ।तर पुनस्थापन कार्यक्रम कै लागि नयाँ कर्मचारी करारमा भर्ना गरिएको भए यस्तो थप प्रोत्साहन भत्ता उपलव्ध हुने छैन।

(ख) सम्वन्धित क्षेत्रबाट पुनस्थापन समन्वय समितिमा प्रतिनिधित्व गर्ने सदस्यलाई वैठकमा भागलिन आउँदा नेपाल सरकारको राप प्रथम श्रेणी सरह दैनिक भत्ता,वैठक भत्ता र भ्रमण खर्च उपलव्ध गराउनु पर्नेछ।

(ग) वडा कार्यालयको सचिवलाई तलव स्केलको पचीस प्रतिशत प्रोत्साहन भत्ता, लगत संकलनको लागि वडामा भर्ना गरिएका गणकलाई पदअनुसारको तलव स्केल,गणनामा संलग्न हुने कमैया श्रमिकको प्रतिनिधिलाई सहायक पाँचौ सरह, दैनिक भत्ता उपलव्ध गराउनु पर्नेछ।लगत संकलनको लागि भ्रमण गर्ने कर्मचारीले स्थानीय दररेट अनुसार यातायात खर्च पाउनेछन।

(घ) पुनस्थापन कार्यको अनुगमनमा जाने पदाधिकारीले आफ्नो पदअनुसारको दैनिक तथा भ्रमण भत्ता पाउने छन। अनुगमन टोलीको नेतृत्व अधिकृत स्तरका कर्मचारीले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ङ) पुनस्थापनको सन्दर्भमा बस्ने वैठकहरुमा प्रचलित आर्थिक नियमअनुसार भत्ता र खाजा खर्च उपलव्ध हुनेछ।

**२७. <u>स्पष्ट नभएको विषयमाः</u>** (१) कमैया श्रमिकलाई बसोबासको लागि जग्गा उपलव्ध गराउने विषयमा यस कार्यविधिमा स्पष्ट नभएको विषयमा भूमि सम्वन्धी ऐन, २०२१ र भूमिसम्वन्धी नियमहरु, २०२१ मा भएको व्यवस्था वमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ।

(२) संघ, प्रदेश र स्थानीय तहहरुले कमैया श्रमिकको उत्थान गर्न विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गर्न यस कार्यविधिले बाधा पुर्याउने छैन।

**२८. <u>बाझिएमा गर्नेः</u>** यस कार्यविधिमा उल्लेख भएको कुरा नेपालको संविधान, प्रचलित ऐन, नियमसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

**२९. <u>अनुसुचिमा थप र हेरफेरः</u>** पुनस्थापन निर्देशन समितिले यस कार्यविधिमा रहेका अनुसूचिमा आवश्यकता अनुसार थप र हेरफेर गर्न सक्नेछ।

**३०. <u>बाधा अडकाउ परेमाः</u>** यस कार्यविधि वमोजिम कुनै कार्य गर्दा द्विविधा भइ वाधा उत्पन्न भएमा पुनस्थापना समन्वय समितिले बाधा अडकाउ फुकाउन सक्नेछ।

## अनुसूची १

(कार्यविधिको दफा ५(२) सँग सम्वन्धित)

**कमैया श्रमिक : लगत संकलन एवं स्वघोषणा फारम**

जिल्लाः.............. पालिकाः.............. वडा नः.............. साविकको गाविस नपाः..............

१ कमैया श्रमिक पहिचानः

(क) यस परिवारबाट पहिले कोही अन्यत्र कमैया/हली/हरवा चरवा वस्नु भएको थियो?..........(थियो/थिएन)
प्रश्न (क) को उत्तर "थियो" भएमा मात्र अरु प्रश्न सोध्ने।( थिएन भने ८ को १ मा टिक लगाउने)

(ख) तपाइको नाम केहो?...........................................(कमैया श्रमिक वस्ने व्यक्तिलाई नै सोधेर उत्तरदाताको नाम लेख्ने)

(ग) तपाइ कहिले देखि कमैया श्रमिक बस्नु भएको थियो? मितिः…………………………..( मिति २०५७।४।२ भन्दा अघि भएमात्र अरु प्रश्न सोध्ने)

(घ) तपाई कस्को घरमा कमैया श्रमिक बस्नु भएको थियो? ................................. …(साहु /गिरहतको नाम लेख्ने)

२ नेपाल सरकारले यस अघि संकलन गरेको कमैया श्रमिकको लगतमा तपाइको नाम समावेश भएको छ?..........( छ भने ४ बाट सुरु गर्ने।छैन भने ८ को ५ मा टिक लगाउने र प्रश्न ३ सोध्ने )।

३ पारिवारिक विवरणः

| क्र सं | परिवारका सदस्यको नाम | घरमूली सँग नाता | लिङ्ग (पुरुष महिला अन्य) | उमेर वर्ष | शिक्षा (खुलाउने ) | जन्म दर्ता छ-१ छैन-२ | नागरिकता छ-१ छैन-२ | हालबसेकोठाउँ आफ्नोपुर्जा-१ गिरहतको-२ सरकारी सार्वजनिक-३ | आफ्नो पुर्जा भएको जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |

४ तपाइले यस अघिको पुनस्थापन कार्यक्रमबाट कुनै सुविधा प्राप्त गर्न बाँकी छ?............(छ भने मात्र प्रश्न ५ मा जाने, छैन भने ८ को २ मा टिक लगाउने, थप नसोध्ने)

५ तपाइले यस अघिको पुनस्थापन कार्यक्रमबाट सुविधा लिँदा के हैसियतले लिनु भएको थियो?................(मुक्त कमैया, मुक्त हलिया,मुक्त कम्लहरी)

६ तपाइले के सुविधा पाउन बाँकी छ?............( आंशिक बाँकी छ। सबै बाँकी छ। सबै बाँकी भए ८ को ४ मा टिक लाउने)

(१) ...........
(२) ...........
(३) ...........

(हलियाको हकमाःघर निर्माण खर्च, घर निर्माण दोस्रो किस्तावा घर मर्मत दोस्रो किस्ता; कमैयाको हकमाः काठको रकम, घर निर्माण खर्च; मुक्त कम्लहरीको हकमा परिचयपत्र। यी मध्ये कुनै उत्तर आए ८ को ३ मा टिक लगाउने)

७ उत्तरदाताको स्वघोषणाःम र मेरो परिवारको नाममा मुलुकभर दर्ता भएको वा दर्ता बाँकीजग्गा छैन।जग्गा खरिद गर्ने हाम्रो क्षमता छैन।म र मेरो परिवारको सदस्यले विगतमा राज्यबाट जग्गा वा आवासको स्वामित्व प्राप्त गरेको छैन। अंश वापत म र परिवारको कुनै सदस्यले जग्गा पाउने सम्भावना छैन।साथै २०७६।१०।२८ पछि आफ्नो वा परिवारको नाममा रहेको सम्पूर्ण जग्गा कुनै प्रकारले हक हस्तान्तरण गरेको छैन।उल्लिखित कुरा साँचो हो झुट्टा ठहरे कानून वमोजिम सहुँला बुझाउँला।

| औठा छाप | | दस्तखत |
|---|---|---|
| दायाँ | वायाँ | |

८ लगत संकलन कार्यदलको रायः

उल्खित विवरणका आधारमा उत्तरदाताः
(१)कमैया श्रमिक होइनः लगतमा समावेश गर्नु परेन। ☐
(२)कमैया श्रमिक होः निजले सुविधा लिइसकेकोले लगतमा समावेश गर्न परेन। ☐
(३)कमैया श्रमिक होः निजलाई आंशिक सुविधा दिन बाँकी छ। ☐
(४)कमैया श्रमिक होःपहिले लगतमा नाम समावेश भएपनि सुविधा लिएको छैन। ☐
(५)कमैया श्रमिक होःअघिको लगतमा नाम समावेश छैन ।लगतमा समावेश गर्नुपर्ने। ☐

फारम भर्ने कर्मचारीको
नामः
दस्तखतः

वडाप्रतिनिधिको नाम
नामः
दस्तखतः

# अनुसूची २

## परिचयपत्रको ढाँचा

(कार्यविधिको दफा सँग सम्वन्धित)

| अगाडि | पछाडी |
|---|---|
| **नेपाल सरकार**<br>**भूमिव्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय**<br>**कमैया श्रमिक परिचयपत्र**<br>**वर्ग क**<br>**फोटो**<br>**नामः**<br>**ठेगानाः...............पालिका, वडा नं......**<br>**(प्रमाणित गर्नेकोसही)** | **बाबुको नामः**<br>**पति वा पत्नीको नामः**<br>**आफुसमेत परिवार संख्याः**<br>**परिचयपत्र पाउनेको दस्तखतः**<br>**(यो परिचयपत्र कसैले भैटाएमा सम्वन्धित वडा कार्यालय वा स्थानीय तहमा बुझाइदिनु होला)** |

**अनुसूची ३**
**कमैया श्रमिक पुनस्थापन समन्वय समिति**
**कमैया श्रमिक पुनस्थापन समन्वय समितिको सचिवालय**
**सिंहदरवार, काठमाण्डौ**

विषयःकमैया श्रमिक लगतमा नाम समावेश गर्ने।

कमैया श्रमिक पुनस्थापन समन्वय समितिको मिति २०७९। । ।को निर्णयानुसार देहायको क्षेत्रमा रहेका कमैया श्रमिकहरुको लगत संकलन गर्ने कार्यका लागि मिति २०७९।।। देखि २०७९।।। सम्म सम्वन्धित स्थानीय तहको वडा स्तरमा गणना टोली परिचालन हुने भएकोले उक्त टोली समक्ष आफ्नो नाम नामेसी टिपाउन सरोकारवाला कमैया श्रमिकलाई जानकारी गराइन्छ।

<u>लगत संकलन कार्यको लागि गणना टोली खटिने क्षेत्र</u>

प्रदेशः

जिल्लाः

स्थानीय तहः

**अनुसूची ४**

..........पालिका

..... नं वडा कार्यालय

<u>लगत संकलन सहजीकरण समिति</u>

विषयः दावि विरोध गर्ने सम्वन्धमा

कमैया श्रमिक पुनस्थापन समन्वय समितिको सचिवालयको मिति २०७९। । ।को सूचना वमोजिम यस वडामा मिति २०७९।।। देखि मिति २०७९।। सम्म कमैया श्रमिको लगत संकलन गर्न परिचालन गरिएको गणना टोलीबाट प्राप्त विवरण निम्नानुसार रहेकोछ। यस विवरणमा कुनै व्यहोरा फरक परेको वा विवरण सत्य नरहेको भए यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्र यस समितिमा जानकारी गराइ विवरण अद्यावधिक गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

क.साविक लगतमा नाम समावेश भै कुनै सुविधा नपाएका कमैया श्रमिक

१

२

३

ख. साविकको लगतमा छुट कमैया श्रमिक

१.

२.

३

ग. पहिलो पटक लगतमा नाम समावेश हुन आएका कमैया श्रमिक

१.

२.

३

घ.साविक लगतमा नाम समावेश भै आंशिक सुविधा लिन बाँकी कमैया श्रमिक

१.

२.

३

## अनुसूची ५

कार्यक्रम कार्यान्वयन कार्ययोजना

(कार्यविधिको दफा१५ सँग सम्वन्धित)

### १५.१ नीति प्रभावकारिता अनुभूत कार्यक्रमः

| क्र सं | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | समयावधि | | | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | प्रथमवर्ष | दोस्रोवर्ष | तेस्रोवर्ष | |
| १ | हरवाचरवाले गिरहत सँग लिएका ऋण तिर्न नपर्ने, ऋणतिर्न वाध्यपार्ने गिरहत विरुद्ध उजुरी गर्न सकिने,कसैलाई पनि विना ज्याला वा आधा ज्यालामा काममा लगाउन नपाइने, स्कूल जाने उमेरका बाल बालिका लाई घरमा केटाकेटी हेर्ने वा गाईबस्तु चराउने काममा लगाउन नहुने व्यहोरा सञ्चार माध्यमबाट व्यापक प्रचार प्रसार गर्ने। | गृह मन्त्रालय<br>भूमि व्यस्था मन्त्रालय | | | | भूमि व्यवस्था |
| २ | हरवा चरवाको अन्यत्रव्यवस्था नभएसम्म बसोबास गरिरहेको स्थानबाट जग्गावालले जवर्जस्ती हटाउ वा छोडेर जान शारीरिक वा मानसिक दवाव दिएमा सो विरुद्ध उजुरी दिन सकिने। | कमैया श्रमिक<br>विकास साझेदार | | | | भूमि व्यवस्था |
| ३ | हरवा चरवाको उजुरीलाई प्राथमिकताका साथ कारवाही गर्न गृह मन्त्रालयले सम्वन्धितकार्यालयलाई निर्देशन दिने। | गृह मन्त्रालय/<br>जि.प्रशासन कार्यालय | | | | भूमि व्यवस्था |
| ४ | लगत संकलनको सूचना पुऱ्याउन, सूचना वमोजिम लगतमा समावेश गराउन,लगतमा कोही छुट नभएको सुनिश्चितगर्न, वर्गीकरण वमोजिमको परिचयपत्रको उपलव्धता सुनिश्चित गर्न कमैया श्रमिकको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी संस्थालाई सहजीकरण गर्न सरिक गराउने। | कमैया श्रमिकको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था/<br>समाज कल्याण परिषद | | | | भूमि व्यवस्था |
| ५ | कमैयाश्रमिकको उत्थानको लागि सरकारको कार्यक्रमसँग तादात्मयर अनुभूतयोग्य उपलव्धि(Tangible Result) प्राप्त गर्ने गरी लगानी गर्न विकासका साझेदार संस्थालाई आव्हान गर्ने। | पुनस्थापन समिति/<br>समाज कल्याण परिषद | | | | भूमि व्यवस्था |

## १५.२ सुरक्षित बसोबास कार्यक्रमः

| क्र सं | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | समयावधि | | | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| क | **बसोबासको लागि जोखिम रहित जग्गा पहिचान** | स्थानीय तह | | | | |
| १ | भौगोलिक र भौगर्भिक रुपले जोखिम नभएको सुनिश्चित गर्ने | | | | | |
| २ | विकास निर्माणका कारण भविष्यमा जोखिम नहुने यकीन गर्ने | | | | | |
| ३ | उक्त स्थान नजिक रोजगारी प्राप्त हुने सुनिश्चित ग | | | | | |
| ४ | भूउपयोग ऐन र नियमावली वमोजिम आवासीय क्षेत्रमा वर्गीकरण भएको यकीन गर्ने | | | | | |
| ख | **बस्तीमा आधारभूत पूर्वाधारको विकास अन्तर्गत** | | | | | |
| १ | जग्गा उपलव्ध गराउने | राष्ट्रिय भूमि आयोग | | | | |
| २ | जग्गा उपलव्ध भएको ३ महिना भित्र एकीकृत वस्तीको मापदण्ड वमोजिम वस्तीको नक्शांकन गर्ने। | | | | | |
| ३ | सडक, विजुली, खानेपानी, टेलिफोन, ईन्टरनेट,शिक्षा र स्वास्थ्यको सुविधा भएको वा पुऱ्याउनु पर्ने। | | | | | |
| ४ | खुलाठाउँ, सुरक्षाको प्रवन्ध, वस्तु र सेवा विनिमयको अवसरहुनुपर्ने। | | | | | |
| ५ | वातावरणीय स्वच्छताकायम गर्न र फोहर व्यवस्थापनको प्रवन्ध गर्नुपर्ने। | | | | | |
| ग | **भूक्तानि हुन बाँकी दोस्रो किस्ता र काठको रकम भुक्तानि।** | सचिवालय | | | | |
| १ | कमैयाहरुको लागि काठको रकम६ महिना भित्र उपलव्ध गराउने। | | | | | |
| २ | जग्गा पाएका हलियालाई घर निर्माण वापतको रकम१ वर्ष भित्र दिने। | | | | | |
| ३ | हलियाहरुको घर निर्माण वापतको दोस्रो किस्ता १ वर्ष भित्र भूक्तानि गर्ने। | | | | | |
| ४ | हलियाहरुको घर मर्मत वापतको दोस्रो किस्ता१ वर्ष भित्रभूक्तानि गर्ने। | | | | | |
| घ | **कमैया श्रमिक वस्तीका आधारभूत सेवामा निश्चित शुल्क छुट** | स्थानीय तह | | | | |
| १ | खानेपानीमा १० युनिट र विजुलीमा २० | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | युनिट सम्म छुट दिने। | | | | | |
| २ | कमैया श्रमिकका विद्यालय जाने बालबालिकाहरुलाई निशुल्क पुस्तक,खाजा र अध्ययन शुल्कमा पूर्णछुट दिने। | | | | | |
| ३ | सार्वजनिक स्वास्थ्य संस्थामा ज्येष्ठनागरिक र महिलाहरुको लागि औषधोपचारमा छुट दिने। | | | | | |
| ङ | **व्यवस्थित र एकीकृत बस्ती विकासमा विकास साझेदार संस्थासँगको सहभागिता** | सचिवालयले समन्वय गर्ने | | | | |
| १ | जोखिम रहित स्थान पहिचानमा आवश्यक प्राविधिक सहयोग गर्ने। | | | | | |
| २ | व्यवस्थित आवास निर्माणको लागि स्थापना गरिएकोबासस्केट फण्डमा योगदानगर्ने | | | | | |

## १५.३ सामाजिक सुधार र सशक्तिकरण कार्यक्रमः

| क्र सं | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | समयावधि | | | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | प्रथमव | दोस्रोव | तेस्रोव | |
| क | **कमैया श्रमिक समूह गठन र जनचेतना मूलक कार्यक्रम** | प्रदेश पुनस्थाप समन्वय समिति /स्रोतको व्यवस प्रदेश सरकार। | | | | |
| १ | समान प्रकृतिको रुची र दक्षताका आधारमा हरेक वस्तीमा कमैयाश्रमिक समूह गठन गर्ने। | | | | | |
| २ | सीप उपयोग र प्रविधि हस्तान्तरणका क्षेत्रहरुबारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | | | | | |
| ख | **कमैया श्रमिक लक्षित सीप विकास तथा व्यवसायिक तालिम** | प्रदेश पुनस्थाप समन्वय समिति /स्रोतको व्यवस प्रदेश सरकार। | | | | |
| १ | उमेर, क्षमता र इच्छा अनुसार प्रत्येक वडामा आधारभूत तालिमको व्यवस्था गर्ने। | | | | | |
| २ | विशेष दक्षता तालिम लिन चाहने कमैया श्रमिकलाई तालिम लागतको ५० प्रतिशतशुल्क स्थानीय तहले व्यहोर्ने। | | | | | |
| ग | **कमैया श्रमिक लक्षित शिक्षामा पहुँचवृद्धि** | प्रदेश पुनस्थाप | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **कार्यक्रम** | समन्वय समिति /स्रोतको व्यवस प्रदेश सरकार। | | | | |
| १ | प्राथमिक तहका छात्रछात्रालाई स्थानीय तह मार्फत विद्यालय पोशाक उपलव्ध गराउने। | | | | | |
| २ | प्राविधिक र व्यवसायिक शिक्षामा कमैया श्रमिकका सन्तानलाई ५% सिट आरक्षण गर्ने। | | | | | |
| ३ | आफ्नो तहभित्रका विद्यालयमा उच्च शिक्षा हासिल गर्न चाहने कमैया श्रमिकका सन्तानलाई ५०% छात्रवृतिको व्यवस्था गर्ने। | | | | | |
| ४ | अध्ययनको सिलसिलामा सामुदायिक वा निजी विद्यालयका होस्टेलहरुमा बस्ने कमैया श्रमिकका सन्तानको ५०% होस्टेल व्यहोर्ने। | | | | | |
| घ | **स्वास्थ्य सेवामा पहुँच वृद्धि विशेष कार्यक्रम** | प्रदेश पुनस्थाप समन्वय समिति /स्रोतको व्यवस प्रदेश सरकार। | | | | |
| १ | कमैया श्रमिकको स्वास्थ्य विमा शुल्क वापत५०% संघीय २५% प्रदेश र २५% स्थानीय तहले व्यहोर्ने। | | | | | |
| २ | खोप तथा विशेष खोपहरुमा प्राथमिकता दिने। | | | | | |
| ३ | स्थानीय स्तरमा उपचार संभव नभएको भनी चिकित्सकले सिफारिस गरेका कमैया श्रमिकलाई रेफरल अस्पतालमा उपचारको व्यवस्था प्रदेश सरकारले गरिदिने। | | | | | |
| ४ | महिला स्वयसेविका र मातृशिशु कार्यकर्ता जस्ता आधारभूत स्वास्थ्य सेवाको काम गर्ने पदहरुमा भर्ना लिँदा न्यूनतम योग्यता पुगेका कमैया श्रमिकका महिलाहरुलाई १०% आरक्षण दिने। | | | | | |
| ५ | कमैया श्रमिकको एकीकृत वस्तीमा प्रत्येक त्रैमासिकमा विशेषज्ञ चिकित्सकको सेवा उपलव्ध गराउने। | | | | | |
| ङ | **स्थानीय समितिहरुमा कमैया श्रमिकको प्रतिनिधित्व** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आमा समुह, टोलसुधार समिति,खानेपानी उपभोक्ता समुह जस्ता सामुदायिक संस्थामा प्रतिनिधित्वमा प्राथमिकता दिने। | सम्वन्धित संस्था | | | | |
| | पालिकास्तरीय तथा वडास्तरीय विभिन्न कार्यक्रम कार्यान्वयनका सन्दर्भमा गठन हुने समितिहरुमा प्रतिनिधित्व गराउने। | सम्वन्धित कार्यपालिका | | | | |
| | कमैया श्रमिक सम्वन्धी नीति निर्माण गर्ने स्थानीय तहका कुनै पनि सामाजिक तथा राजनीतिक संयन्त्रमा कमैया श्रमिकको प्रतिनिधित्व गराउने। | सम्वन्धित कार्यपालिका | | | | |
| च | **सशक्तिकरणमा विकास साझेदार संस्थाको सहभागिता** | तीनै तहका सरकारको समन्वयमा विकास साझेदार संस्था | | | | |
| | प्रत्येक स्थानीय तहमा तालिम प्राप्त गरेका कमैया श्रमिकलाई तालिम अनुसारको सीप प्रयोग गर्न यन्त्र उपकरण उपलव्ध गराउने । | " " | | | | |
| | आफ्नै व्यवसाय सुरु गरी अन्यलाई पनि रोजगारी दिने कमैया श्रमिकलाई क्षमता अभिवृद्धि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Exposer visit को अवसर उपलव्ध गराउने। | " " | | | | |
| | पुनस्थापन कार्यमा संलग्न मन्त्रालय, पुनस्थापन समन्वय केन्द्र, स्थानीय तह र वडा समितिमा रहेका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा अवलोकन भ्रमणको लागि Exposer visit गराउने। | " " | | | | |
| | लगत संकलनको लागि आवश्यक मोडचूल तथा सफ्टवेयर र उपकरण उपलव्ध गराई उपयोग गर्न सक्षम बनाउने। | " " | | | | |

## १५.४ आर्थिक सुधार कार्यक्रमः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | **समूह वचत परिचालन कार्यक्रम** | | | | | |
| १ | कमैया श्रमिकबाट नियमित रुपमा **मासिक न्यूनतम रकम** बचत गर्न लगाउने। | | | | | |
| २ | समुहका सदस्यलाई समूह **जमानीमा न्यूनतम** व्याजमा ऋणप्राप्त हुने व्यवस्था गर्ने। | | | | | |
| ३ | समूह बचतकोषलाइबार्षिक **मुनाफाको ५०%** सरकारबाट प्रोत्साहन अनुदान दिने। | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **ख** | **कमैया श्रमिक सहकारी संस्था स्थापना सहजीकरण** | | | | | |
| १ | प्रत्येक स्थानीय तहमा वार्षिक **कम्तिमा एउटा** सहकारी सम्वन्धी तालिम दिने। | | | | | |
| २ | सहकारी सञ्चालनको लागि कम्तिमा **एक लाख वीउपुँजी** उपलव्ध गराउने। | | | | | |
| ३ | स्थानीय कृषि उत्पादन खरीद र बिक्री गर्ने सहकारीलाई पसल कवलको **भाडाको ५०%**तिरिदिने। | | | | | |
| **ग** | **उद्यमी विकास कार्यक्रम** | प्रदेश पुनस्थापन समन्वय समिति/ प्रदेश सरकार | | | | |
| १ | प्रत्येक स्थानीय तहमा कमैया श्रमिकका परिवारमा रहेका महिलारपुरुषको रुचि र क्षमता हेरी सिलाइ कटाइ, च्याउखेती, बेमौसमी तरकारी,फलफूल तथा तरकारी घुम्ती व्यवसाय, घरेलु अचार उद्योग, प्याकेजिङ्ग, ड्राइभिङ्ग, सैलुन,विद्युतीय सामान वायरिङ्ग र मर्मत, डकर्मी, मोटरसाइकल मर्मत,कुखुरा पालन, माछापालन, बेतबाँसबाट मुढा बनाउने, हाउस पेण्टिङ्ग, सिकर्मी लगायत स्थानीय स्तरमा उपयोगी हुने तालिम सञ्चालन गर्ने। | | | | | |
| २ | तालीम प्राप्त कमैया श्रमिकलाई **सामुहिक रुपमा** व्यवसाय सञ्चालन गर्न आवश्यक मेशिनरी औजार उपकरण उपलव्ध गराउने। | | | | | |
| | उल्लिखित कार्यहरुको समन्वय र सहजीकरण प्रदेश पुनस्थापन समन्वय समितिले गर्ने र यसका लागि आवश्यक स्रोतको व्यवस्था प्रदेश सरकारले गर्ने। | | | | | |
| **घ** | **रोजगार प्रवर्द्धन कार्यक्रम** | **स्थानीय तह** | | | | |
| १ | **प्रत्येक** स्थानीय तहमा रोजगार सम्पर्क केन्द्रको डेस्क राख्ने। | | | | | |
| २ | सीप वा सेवा बेच्न चाहने व्यक्तिको **दक्षता र सम्पर्क नम्वर(Skill Inventry)** अद्यावधिक गर्ने। | | | | | |
| ३ | श्रम वा सेवा आवश्यक पर्ने व्यक्ति संस्था वा निकायले रोजगार केन्द्रमार्फत सम्वन्धित व्यक्तिसँग **सम्पर्क गर्न सक्ने व्यवस्थाको** प्रचार प्रसार गर्ने। | | | | | |
| ४ | स्थानीय सरकारले कमैया श्रमिकलाई तत्काल **आवश्यक उपकरण** उपलव्ध गराउने। | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्थानीय तहमा सञ्चालन हुने **<u>प्रधानमंत्री रोजगार कार्यक्रम वा मुख्यमन्त्री</u>** रोजगार कार्यक्रममा सम्वन्धित कार्यक्रमले कूल रोजगारीको कम्तिमा **<u>१०% कमैया</u>** श्रमिकलाई उपलव्ध गराउने। | | | | | |
| ६ | कमैया श्रमिकलाई रोजगारी दिने स्थानीय तहमा रहेका निजी व्यवसायिक संस्थालाई **<u>प्रति रोजगार ५%</u>**व्यवसाय कर छुट दिने। | | | | | |
| **ङ** | **स्वरोजगारको लागिबीउ पूँजी** | स्थानीय सरकार | | | | |
| १ | सीप र दक्षता भएका तर लगानी क्षमता नभएकाकमैया श्रमिकलाई व्यवसाय सुरु गर्न स्थानीय तहले व्याज अनुदानमा एक पटक सुरु पूँजी उपलव्ध गराउने। | | | | | |
| २ | बीउपूँजी लिएका कमैया श्रमिक व्यवसायीको उत्पादन<u>सहकारी पसलले अनिवार्य</u> किन्नु पर्ने व्यवस्था गर्ने। | | | | | |
| ३ | सहुलियत व्यवसायिक कर्जा प्राप्तिका लागि स्थानीयतहले कमैया श्रमिकको जमानी दिने। | | | | | |
| **च** | **कृषिजन्य कामको लागि लिजमा जग्गा** | **भूमि व्यवस्था मन्त्रालय** | | | | |
| १ | प्रत्येक स्थानीय तहमा रहेका मध्ये सरकारी पोखरी वा तलाउलाई माछा पालनको लागि शर्त सहित उपलव्ध गराउने। | | | | | |
| २ | प्रत्येक स्थानीय तहमा हाल उपयोगमा नरहेका नदीउकास, सरकारी ऐलानी, पर्ति लगायत जग्गा कृषि कार्यका लागि सशर्त उपलव्ध गराउने। | | | | | |